




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ माघ १२ गते बुधबार ❑ 26 Jan. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## संक्रमण बढेपछि जिल्लाका अधिकांश सरकारी कार्यालयको सेवा स्थगित

पोखरापत्र संवाददाता
पोखरा, ११ माघ

कोरोना भाइरस सङ्क्रमणको तेस्रो लहरमा सङ्क्रमित बढ्दै जाँदा जिल्लामा सार्वजनिक सेवा प्रदायक कार्यालयको सेवा कटौती भएको छ।

सेवाग्राहीका भीड बढी हुने जिल्लाका अधिकांश कार्यालयले कार्यरत कर्मचारी सङ्क्रमित भएपछि सेवा स्थगन गरेका छन्। केही कार्यालयको सेवा पूर्ण बन्द गरिएको छ भने केहीले आंशिक सञ्चालन गरेका छन्। स्थानीय सरकारले पनिअत्यावश्यकबाहेकका जनसम्पर्क सम्बन्धित सेवा स्थगन गरेका छन्। जिल्ला प्रशासन कार्यालय, मालपोत, नापी, यातायात व्यवस्था कार्यालयलगायत दैनिक सेवाग्राहीको भीड बढी हुने कार्यालयको सेवा रोकिएको ती कार्यालयहरूले जनाएका छन्।

प्रशासनले सङ्क्रमण रोकथामका लागि २५ जनाभन्दा बढी भेला हुन नपाउने आदेश जारी गरे पनि सार्वजनिक सेवा प्रदायक कार्यालयमा सो आदेशको पालना भएको देखिएको छैन। जसबाट सङ्क्रमण बढेको बताइन्छ। जिल्ला प्रशासन कार्यालय कास्कीको सेवा आज माघ ११ गतेदेखि अनिश्चितकालका लागि स्थगन गरिएको छ। प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यका अनुसार शान्ति सुरक्षा, मुद्दा व्यवस्थापन, विपद् व्यवस्थापन र अत्यावश्यक सेवाबाहेकका अन्य सबै नियमित सेवा अर्को सूचना जारी नहुँदासम्मका लागि बन्द गरिएको छ। उहाँले भन्नुभयो, "प्रशासन कार्यालयका केही कर्मचारी सङ्क्रमित भएर आइसोलेशनमा रहेको र अन्य केही कर्मचारीमा कोरोनासँग मिल्दोजुल्दो लक्षण देखापरेको छ। जसबाट सङ्क्रमण जोखिम बढ्न सक्ने भएकाले अत्यावश्यकबाहेकका प्रशासनका नियमित सबै सेवा अर्को सूचना जारी नहुँदासम्मका लागि स्थगन गरेका छौँ।" यसैगरी मालपोत कार्यालयको सेवा पनि आजदेखि माघ १७ गतेसम्म का लागि स्थगन गरिएको छ। कार्यालयका अनुसार नियमित कार्यसम्पादनको क्रममा कार्यालयका विभिन्न फाँटमा कार्यरत कर्मचारी कोरोना सङ्क्रमित भएको र थप केहीमा लक्षण देखिएकाले कार्यालयको सम्पूर्ण सेवा बन्द गरिएको छ।

नापी कार्यालयको सबै सेवा पनि आजदेखि आगामी माघ १७ गतेसम्म बन्द गरिएको छ। कार्यालयका सूचना अधिकारी प्रदीपकुमार श्रेष्ठले कार्यालयका कर्मचारी सङ्क्रमित भएको तथा मालपोत कार्यालयको सेवा पनि स्थगन भएको अवस्थामा दुवै कार्यालयबाट प्रदान गरिने सेवा अन्तरसम्बन्धित भएकाले नापीको सेवा बन्द गरिएको जानकारी दिनुभयो।

यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र कार्यालयको सेवा पनि प्रभावित भएको छ। कार्यालयका तीन कर्मचारीमा कोरोना सङ्क्रमण पुष्टि भएको र अन्यमा लक्षण देखिएको भन्दै अर्को सूचना जारी नहुँदासम्म सीमित सेवाबाहेक अन्य बन्द गरिएको बताइन्छ। यातायात कार्यालय सबैभन्दा बढी सेवाग्राहीको भीड हुने कार्यालयमा पर्दछ। कार्यालयले सवारी चालक अनुमतिपत्रको नवीकरण माघ १३ गतेदेखि सुरु हुने तथा प्रयोगात्मक परीक्षा (ट्रायल) उत्तीर्णहरूको राजस्व लिनेबाहेकका अन्य सेवा बन्द गरिएको जनाएको छ। कास्कीका स्थानीय सरकारले पनि अत्यावश्यकबाहेकका सेवा बन्द गरेका छन्।

माछापुच्छ्रे र मादी गाउँपालिकाले सूचना जारी गरी एक साताका लागि सेवा बन्द गरिएको जनाएको छ। कास्कीमा कोरोनाको तेस्रो लहर सुरु भएसँगै दैनिक सङ्क्रमण बढिरहेको छ। पछिल्लो समय महामारीविरुद्धको लडाइँमा अग्रपङ्क्तिमा खटिएका स्वास्थ्यकर्मीसमेत सङ्क्रमित हुने क्रम बढेको छ। कास्कीमा पछिल्लो २४ घण्टामा महिला २१६ र पुरुष २४० गरी ४५६ जनामा सङ्क्रमण पुष्टि भएको प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ। गण्डकी प्रदेशमा पछिल्लो २४ घण्टामा थप ९४९ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको र १८६ जना निको भएका छन्।

## गण्डकी प्रदेशमा राष्ट्रियसभा निर्वाचनको तयारी पूरा

पोखरापत्र संवाददाता
पोखरा, ११ माघ

बुधबारका लागि तय गरिएको राष्ट्रियसभा सदस्य निर्वाचनमा गण्डकी प्रदेशमा आवश्यक सम्पूर्ण तयारी पूरा भएको छ।

प्रदेश निर्वाचन कार्यालय पोखराका अनुसार मतदानका लागि कर्मचारी व्यवस्थापन, सुरक्षा प्रबन्ध, मतपत्र र मतदान केन्द्र व्यवस्थापनलगायतका सम्पूर्ण तयारी पूरा भएको छ। रत्नचोकस्थित प्रदेश निर्वाचन कार्यालय परिसरमा बुधबार बिहान ९ देखि दिउँसो ३ बजेसम्म मतदानको समय तोकिएको छ।

कार्यालयप्रमुख एवं प्रमुख निर्वाचन अधिकृत हुमनाथ पराजुलीले मतदान सकिएपछि मतगणना सुरु हुने र भोलि नै नतिजा सार्वजनिक गरिने बताउनुभयो। उहाँले भन्नुभयो, "मतदानका लागि आवश्यक सम्पूर्ण तयारीको काम सकिएको छ। मतदान सम्पन्न भएपछि गणना सुरु गरेर भोलि नै अन्तिम परिणाम घोषणा गर्नेछौँ।" मतदानमा कार्यालयका कर्मचारीबाहेक २० जना कर्मचारी परिचालित हुने बताइन्छ। त्यसैगरी सुरक्षाका लागि ५० जना जनशक्ति परिचालित हुनेछ। मतदानका लागि प्रदेशसभा र स्थानीय तहको गरी दुई मतदान केन्द्र तोकिएको छ। यसैगरी कोरोना सङ्क्रमित मतदाताका लागि छुट्टै बुथको व्यवस्था गरी मतदानको प्रबन्ध मिलाइएको निर्वाचन अधिकृत पराजुलीले बताउनुभयो। राष्ट्रियसभा निर्वाचनमा गण्डकीका तीन सिटका लागि सत्ता गठबन्धनबाट तीन र प्रतिपक्ष दल नेकपा एमालेबाट तीनगरीछजनाउम्मेदवार हुनुहुन्छ। सत्ता गठबन्धनबाट अन्य समूहमा माओवादी केन्द्रका सुरेश आलेमगर, महिलातर्फ नेपाली काङ्ग्रेसका कमला पन्त र दलिततर्फ माओवादी केन्द्रका भुवन सुनार उम्मेदवार रहनुभएको छ। नेकपा एमालेले अन्यतर्फ पुण्यप्रसाद पौडेल, दलिततर्फ अर्जुनकुमार सुनाम र महिलातर्फ लीला पोखरेल (थनेत) लाई उम्मेदवार बनाएको छ। कार्यालयका सूचना अधिकारी रुद्र न्यौपानेका अनुसार गण्डकीमा प्रदेशसभाका ५९ र ८५ स्थानीय तहका प्रमुख/उपप्रमुख १७० जना गरी कूल २२९ मतदाता रहेका छन्।

## गण्डकीमा ९३५ जना कोरोना संक्रमित थपिए

पोखरापत्र संवाददाता
पोखरा, ११ माघ

गण्डकी प्रदेशमा पछिल्लो २४ घण्टामा ९३५ जना कोरोना सङ्क्रमित थपिएका छन्। यस अवधिमा २०६ जना सङ्क्रमित उपचारपछि निको भएका छन्।

प्रदेशभित्रका विभिन्न प्रयोगशाला एवं अस्पतालमा ४६७ जनाको पिसिआर परीक्षण र ४६८ जनाको एन्टिजेन परीक्षण गरिएको गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ। आज थपिनेमा कास्कीका ३९१, स्याङ्जाका १९३, तनहुँका ९८, नवलपरासी पूर्वका ६०, बाग्लुङका ५९, लम्जुङका ५७, गोरखाका ३७, म्याग्दीका २७ र पर्वतका १३ जना रहेको स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रका संयोजक नवराज शर्माले जानकारी दिनुभयो। शर्माका अनुसार प्रदेशमा कोरोना सङ्क्रमित हुने स्वास्थ्यकर्मीको सङ्ख्या ४०७ पुगेको छ। गत पुस १७ गतेदेखि आजसम्म उक्त सङ्ख्यामा स्वास्थ्यकर्मीहरू सङ्क्रमित बन्नुभएको र सबै होम आइसोलेसनमा रहनुभएको उहाँले जानकारी दिनुभयो।

## प्रदेशसभा सदस्य दवाडीद्वारा तलबभत्ता कोरोना नियन्त्रणलाई सहयोग

पोखरापत्र संवाददाता
पोखरा, ११ माघ

गण्डकी प्रदेशसभा सदस्य प्रकाशचन्द्र दवाडीले आफूले प्राप्त गरेको तलबभत्तालगायतको सरकारी सुविधा बापतको पारिश्रमिक सामाजिक कार्यमा खर्च गर्नुभएको छ।

विसं २०७४ मा नेपाली काङ्ग्रेस पार्टीका तर्फबाट गोरखा निर्वाचन क्षेत्र नं २ को प्रदेशसभा निर्वाचन क्षेत्र नं (ख) बाट प्रदेशसभा सदस्यमा निर्वाचित भएपछि सरकारबाट प्राप्त हुने सबै सुविधाबापतको रकम सामाजिक क्षेत्रमा खर्च गर्नुभएको छ।

प्रदेशसभा सदस्य दवाडीले मंगलबार पोखरामा पत्रकार सम्मेलन आयोजना गरी गत वर्ष पुसदेखि हालसम्म प्रदेशसभा सदस्यलाई सरकारबाट तलबभत्ता बापत प्राप्त भएको रु सात लाख ८२ हजार ३५६ र व्यक्तिगत रु पाँच लाख ८१ हजार ४३५ गरी कूल रु १३ लाख ६३ हजार ८०० गोरखाका विभिन्न सङ्घ संस्था तथा व्यक्तिलाई औषधि खरिद र बिरामीको उपचार सहायतामा खर्च गरेको जानकारीदिनुभयो।

नेपाली काङ्ग्रेस संसदीय दलका प्रवक्ता दवाडीले यसवर्ष विशेषगरी कोभिड नियन्त्रणका लागि गाउँका स्वास्थ्यचौकीमा स्वास्थ्य उपकरण र औषधि खरिद र सहयोगमा सुविधाको रकम खर्च भएको बताउनुभयो। कोरोनाका समयमा आफैँले औषधि किनेर स्वास्थ्यचौकीलाई वितरण गर्नेदेखि लकडाउनका समयमा वृद्धवृद्धालाई आवश्यकपर्ने औषधि बोकेर घर-घरमा पुगेर वितरण गरेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "नागरिकको स्वास्थ्यको ग्यारेण्टी सरकारको मुख्य दायित्व हो। यससँगै सांसद र सचेत नागरिकको पनि उत्तिकै भूमिका आवश्यक छ, भनेर सहयोग गरेको हुँ।" प्रदेशसभा सदस्य दवाडीले विभिन्न बिरामीको उपचारका लागि अस्पतालमै पुगेरसमेत सहयोग गर्नुभएको थियो। प्रदेशसभामा निर्वाचित भएलगत्तै सरकारी सुविधाबापतको रकम निर्वाचन क्षेत्रका जनताको हित र सामाजिक कार्यमा खर्चिने प्रतिबद्धता उहाँले जनाउनुभएको थियो। उहाँले हरेक वर्ष कार्यक्रम गरेर आफ्नो खर्च सार्वजनिक गर्दै आउनुभएको छ। यस वर्ष प्रदेशसभा सदस्य दवाडीले विभिन्न मितिमा गोरखाका विभिन्न सङ्घ संस्था तथा व्यक्ति, स्वास्थ्यचौकी गरी ३१ संस्थालाई सहयोग गर्नुभएको छ। कोरोना औषधि खरिद, विद्यालयमा शैक्षिक सामग्री खरिद, क्यान्सर रोगका बिरामीको उपचार, अक्षयकोष तथा छात्रवृत्ति, आमा समूह भवन, आमा समूहलाई फर्निचर खरिद, किसानको घर निर्माण लगायतमा न्यूनतम रु पाँच हजारदेखि अधिकतम रु तीन लाख २० हजार सहयोग गर्नुभएको छ।

## २५ हजार परीक्षण गर्दा १२ हजार संक्रमित

रासस
काठमाडौँ, ११ माघ

पछिल्लो २४ घण्टामा कोरोना भाइरसको सङ्क्रमण १२ हजार आठजनामा देखिएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आज सार्वजनिक गरेको बुलेटिनमा २५ हजार ९०९ को परीक्षण गर्दा १२ हजार आठजनामा सङ्क्रमण पुष्टि भएको हो।

सक्रिय सङ्क्रमितको सङ्ख्या ८८ हजार ९३४ पुगेको छ। पछिल्लो समय तीन हजार ४० जना कोरोनाबाट निको भएर घर फर्किएका छन्। योसँगै निको हुनेको सङ्ख्या आठ लाख २७ हजार २७९ पुगेको छ। निको हुने दर ८९.२ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

विगत २४ घण्टामा मंगलबार आठ जनाको सङ्क्रमणका कारण निधन भएको छ। अहिलेसम्म ११ हजार ६६७ जनाको सङ्क्रमणका कारणले निधन भएको छ। यस्तै ५०० भन्दा बढी सङ्क्रमण भएको जिल्ला १५ पुगेको छ। मन्त्रालयका अनुसार ५०० भन्दा बढी सङ्क्रमित हुने जिल्लामा मोरङ, सुनसरी, झापा, धनुषा, काठमाडौँ, ललितपुर, भक्तपुर, चितवन, मकवानपुर, काभ्रे, कास्की, नवलपरासी पूर्व, बाँके, रुपन्देही र कैलाली रहेका छन्। यस्तै २०० भन्दा बढी सङ्क्रमित भएका १७ जिल्ला रहेका छन्। ती जिल्लामा पर्सा, बारा, महोत्तरी, सप्तरी, सर्लाही, सिरहा, नुवाकोट, धादिङ, सिन्धुपाल्चोक, सिन्धुली, गोरखा, तनहुँ, स्याङ्जा, बागलुङ, दाङ, पाल्पा र कञ्चनपुर रहेका छन्।

नेपालमा सङ्क्रमण दर १८ प्रतिशत रहेको छ। हाल होम आइसोलेसनमा ८७ हजार ११७, संस्थागत आइसोलेसनमा एक हजार ८१७, आइसियुमा २४५ र भेन्टिलेटरमा ४४ जनाको उपचार भइरहेको छ।

विगत २४ घण्टामा आज दुई लाख ३९ हजार ८५१ जनाले खोप लगाएका छन्। अहिलेसम्म पहिलो मात्रा एक करोड ६३ लाख ३३ हजार ९३७ र पूर्ण मात्रा एक करोड ३१ लाख छ हजार ७२६ जनाले लगाइसकेका छन्।

यस्तै कोरोना भाइरसविरुद्धको बुस्टर डोज दुई लाख २३ हजार ९४४ मात्रा लगाइएको छ।


## हार्दिक बधाई



श्री डम्बर जंग गुरुङ

यस **फेवा बचत** तथा ऋण सहकारी संस्था लि. का शेयर सदस्य पोखरा १९ दिप हाउजीङ निवासी हाल अमेरिकामा कार्यरत कास्की समाज अमेरिकाका संस्थापक अध्यक्ष, तमु परिवार अमेरिकाका सस्थापक अध्यक्ष हाल तमु परिवारका बरिष्ठ सल्लाहाकार आदरणीय **डम्बर जंग गुरुङज्यू** हालसालै गठन गरिएको कास्की समाज अमेरिकाको संस्थापक अध्यक्ष जस्तो गरिमामय पदमा मनोनयन हुनु भएकोमा अध्यक्ष **डम्बर जंग गुरुङज्यू** लगायत सम्पूर्ण पदाधिकारीलाई **हार्दिक बधाई** तथा सफल कार्यकालको सफलताको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं।

क्या. चन्द्र प्रसाद गुरुङ
अध्यक्ष एवं
**फेवा बचत** तथा ऋण सहकारी संस्था लि. परिवार
जिरो कि. मि., पोखरा-५

# मच्छिन्द्र र एपिएफ आहा राराको फाइनल यात्राको लागि बुधबार भिड्ने

पोखरापत्र संवाददाता
पोखरा, ११ माघ

पोखरामा जारी २० औं संस्करणको आहा! रारा गोल्डकप फुटबल प्रतियोगिता अर्न्तगत बुधबारदेखि सेमिफाइनलका खेल सुरु हुने छन् ।

पहिलो सेमिफाइनलमा लिग लिडर मच्छिन्द्र फुटबल क्लब बिरुद्ध नेपाल एपिएफ क्लब बिच प्रतिस्पर्धामा हुने भएको आयोजक सहारा क्लवले जनाएको छ । विभागीय टोली त्रिभुवन आर्मी क्लब आहा राराको सेमिफाइनल प्रवेश गरेको छ । पोखरा रंगशालामा मंगलबार भएको अन्तिम क्वाटरफाइनलमा रुस्लान थ्रिस्टार क्लबलाई १-० को झिनो गोल अन्तरले पराजित गर्दै आर्मीले अन्तिम चारमा स्थान बनाएको हो ।

म्यान अफ दी म्याच घोषित आर्मीका राजीव गुरुङले गरेको गोल नै निर्णायक बन्न पुग्यो । दोश्रो रोजाईको खेलाडीको रुपमा खेलको ६४ औं मिनेटमा टंक



बस्नेतको स्थानमा मैदान छिरेका उनले खेलको ७० औं मिनेटमा गरेको गोल नै निर्णायक बन्न पुग्यो । पहिलो हापमा दुबै तर्फ गोल रहित खेल बराबरीमा टुंगिए पनि सप्टिच्यूट खेलाडीको रुपमा गुरुङ मैदान छिरेका थिए ।

आहा राराको इतिहासमा पुलिस र मनाङ पछि थ्रि स्टार क्लवले बढी सफलता हासिल गरेको भए पनि तीन पटक फाइनलमा पुगेर पनि आर्मीले हालसम्म उपाजि चुम्नबाट बन्चित भएको छ । थ्रि स्टारले ५ औं, ९ औं, ११ औं, १३ औं र १७ औं आहा रारामा उपाधि जितेको थियो । २०७५ सालमा भएको १७ औं आहा राराको फाइनलमा थ्रि स्टारले आर्मीलाई टाईब्रेकरमा ५-४ गोल अन्तरले पराजित गर्दै उपाधि जित्नबाट बन्चित गराएको थियो ।

अब आर्मीले फाइनल यात्राको लागि मनाङ मर्स्याङ क्लबसँग प्रतिस्पर्धा गर्ने भएको आयोजक सहारा क्लवले जनाएको छ । यसैबीच, आयोजक सहारा क्लब पोखराले सेमिफाइनल र फाइनल खेलमा भने कोकरोना बिरुद्धको खोप कार्डको आधारमा एक तिहाई सिट क्षमतामा दर्शक भित्राउने तयारी गरेको क्लब महासचिव रामजीप्रसाद अधिकारीले जनाए । कोरोना महामारीका कारण हालसम्म बिनाटिकट खेल संचालन गर्दै आए पनि सेमिफाइनल र फाइनलका लागि प्रतिदर्शक ३ सय रुपैयाँ प्रबेश शुल्क लिने भएको उनले जनाए । टिकट बिक्री हुने र दर्शकले प्रभु पे अनलाइन एपमार्फत टिकट काट्न सक्ने व्यवस्था समेत मिलाइएको क्लवपले जनाएको छ । यसैबिच कास्कीमा भने कोरोनाको तेश्रो लहरका कारण धेरै क्षेत्र हाल प्रभावित भएको छ ।

यसबिषयमा कास्कीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले नेपाल सरकारको गत पुष २९ गतेको निर्णय बमोजिम खोप कार्ड अनिवार्य, मास्क अनिवार्य सहित सिट क्षमताको २५ प्रतिशत मात्र दर्शक भित्राउन पाउने गरी आहा रारामा दर्शक प्रबेस गर्न पाउने भएको बताए ।

# सिडीयोको सक्रियातामा अक्सिजन प्लान्ट

श्रीकृष्ण सिग्देल
स्याङ्जा, ११ माघ

दोस्रो कोरोना संक्रमणका बेला आवश्यकताको रुपमा खड्किएको उपचार विधि हो अक्सिजन ।

अक्सिजन नपाएर संक्रमणका बेला धेरै मानिसले ज्यान गुमाउन बाध्य भए । अक्सिजन प्लान्ट महशुस गरेपछि गण्डकी प्रदेश सरकारले ११ जिल्लाका अस्पतालमा प्लान्ट जडान गर्ने तयारी थालेको थियो । सो तयारीसगै जिल्ला अस्पताल स्याङजामा पनि अक्सिजन प्लान्टका लागि सामाग्री आयो । तर विद्युत अभावमा अक्सिजन प्लान्ट थन्किएर बसेको थियो । अहिले जिल्ला अस्पतालमा थन्किएको अक्सिजन प्लान्ट संचालनमा आउने भएको छ । प्रमुख जिल्ला अधिकारी राजु पौडेलले सक्रियता देखाएपछि यो प्लान्ट संचालनमा आउने भएको हो । ठेकेदारले विद्युतको समस्या देखाउने र विद्युत कार्यालयले पावर सप्लाईमा समस्या देखाउदा ४ महिनादेखि अक्सिजन प्लान्ट थन्किएर बसेको थियो ।

कोरोना संक्रमणबाट अक्सिजनको अभाव भएका बेला समेत संचालनमा ल्याउन कठिनाई भएको प्लान्टलाई स्याङ्जाका प्रजिअको निरन्तर प्रयास पछि संचालनमा आउने भएको छ । थन्किएको यो प्लान्ट तेस्रो लहरको संक्रमणका बेला संचालनमा आउन लागेको खबरले खुशी ल्याएको स्याङ्जा जिल्ला उद्योग वाणिज्य



संघका पूर्व अध्यक्ष नवराज सुवेदीले बताए । इच्छाशक्ति भयो भने जे पनि सम्भव छ सुवेदीले भने,'सिडीयो सापको निरन्तर प्रयासले यो सम्भवभएको छ ।' प्लान्ट संचालनमा आएपछि अक्सिजनको अभावमा अब स्याङ्जावासीले ज्यान गुमाउन पर्दैन उनले भने । सिडीयोले सक्रियता नदेखाएको भए यो पटकपनि स्याङ्जावासीले अक्सिजनका लागि कि पोखरा पुग्नु पर्ने थियो कि अभावमा ज्यान गुमाउनु पर्ने थियो सुवेदीले भने ।

जिल्ला अस्पताल स्याङ्जाले गत भदौमा अक्सिजन प्लान्ट खरिद प्रक्रिया मार्फत अक्सिजन प्लान्ट भित्राएको थियो । जेठमा गरिएको टेन्डर मार्फत भदौमा प्लान्ट आएको भएपनि अहिलेसम्म सञ्चालन हुन सकेको थिएन । विद्युतीय समस्याका कारण संचालनमा आउन नसकेको प्लान्टलाई प्रजिअले ठेकेदार र विद्युत् कार्यालयसगँ समन्वय गरेपछि अब केही सातामा प्लान्ट संचालनमा आउने अस्पतालले जनाएको छ । अक्सिजन प्लान्टका लागि छुट्टै विद्युतीय ट्रान्स फर्मर आवश्यक पर्ने रहेछ प्रजिअ पौडेलले भने, 'ट्रान्स फर्मरमा समस्या भएपछि प्लान्ट डम्पिङ् भएर बसेको थियो ।' हाललाई प्लान्ट संचालन हुने गरि विद्युत् प्रसारण थप गरिएको छ यसलाई दिगोपन दिन छुट्टै ट्रान्सफर्मर खरिद गर्न मन्त्रालय सगँ समन्वय गरेकाछौं उनले भने । प्लान्ट सञ्चालनका लागि मुख्यमन्त्री कृष्णचन्द्र नेपाली, प्रदेश स्वास्थ्य मन्त्रालयको समेत ध्यानाकर्षणले सम्भव भएको प्रजिअले बताए । स्याङ्जामा एउटा पुरानो अक्सिजन प्लान्ट छ ।

सोही प्लान्टले हालसम्म काम चलाइएको छ । गण्डकी प्रदेश सरकारले प्रदेशका एघारवटै जिल्ला अस्पतालमा अक्सिजन प्लान्ट जडान गर्ने योजना अन्तर्गत जिल्लामा अक्सिजन प्लान्ट ल्याएको हो तर विद्युतकै समस्याले जडान गर्न समस्या हुदै आएको थियो । भीरकोट अस्पतालमा भने महाविर पुनको सक्रियतामा जडान गरिएको अक्सिजन प्लान्ट सञ्चालनमा रहेको छ ।

# राष्ट्रियसभा सदस्य निर्वाचन : सम्पूर्ण तयारी पूरा

रासस
काठमाडौं, ११ माघ

निर्वाचन आयोगले राष्ट्रियसभा सदस्य १९ पदका लागि बुधबार हुने निर्वाचनको सम्पूर्ण तयारी पूरा गरेको छ । शान्ति सुरक्षा, स्वास्थ्य मापदण्ड तथा निर्वाचनस्थल र केन्द्र निर्माणलगायत गर्नुपर्ने निर्वाचन व्यवस्थापनको सम्पूर्ण तयारी पूरा भएको आयोगका प्रवक्ता शालिग्राम पौडेलले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "केही स्थानमा सामान्य बुथ निर्माण र सर्वदलीय बैठक गर्नेबाहेक निर्वाचन व्यवस्थापनका लागि गर्नुपर्ने शान्ति सुरक्षा, स्वास्थ्य मापदण्डलगायत अरु सबै तयारी पूरा भइसकेको छ, बाँकी ती केही काम पनि आजै सम्पन्न हुनेछ ।" निर्वाचनको मौनअवधि सुरु भइसकेकाले प्रचार-प्रसार रोकिएको छ भने निर्वाचनमा खटिने सुरक्षाकर्मी, निर्वाचन कर्मचारीरस्वास्थ्यकर्मीसहितको टोलीको व्यवस्थापन भइसकेको छ ।

मुलुकका विभिन्न प्रदेशमा कायम रहेका आठ मतदानस्थल र १४ केन्द्रमा बुधबार बिहान ९ देखि दिउँसो ३ बजेसम्म मतदान हुनेछ । आगामी फागुन २० गते नेकपा (एमाले)का आठ, नेकपा (एकीकृत समाजवादी)का चार, नेकपा (माओवादी केन्द्र)का चार र नेपाली कांग्रेसका तीन राष्ट्रियसभा सदस्यको पदावधि समाप्त हुने भएकाले रिक्त स्थानका लागि निर्वाचन हुन लागेको हो । सदस्यको पदावधि समाप्त हुनु ३५ दिनअघि नै निर्वाचन गर्नुपर्ने प्रावधान छ । सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने नौ राजनीतिक दलका उम्मेदवार चुनावी मैदानमा छन् । आयोगका अनुसार नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), राष्ट्रिय जनमोर्चा, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, नेपाल मजदुर किसान पार्टी, जनता समाजवादी पार्टी नेपाल र राष्ट्रिय प्रजातन्त्र पार्टीले निर्वाचनमा भाग लिएका छन् । निर्वाचनका लागि प्रदेशसभा सदस्य तथा पालिका प्रमुख र उपप्रमुख गरी दुई हजार २५ मतदाता कायम छ । निर्वाचनमा प्रदेशसभा सदस्यको मतभार ४८ र पालिका प्रमुख र उपप्रमुखको मतभार १८ हुनेछ । निर्वाचनमा स्थानीय तहका एक हजार ४९३ र प्रदेशसभाका ५३२ मतदाता रहने छन् । मतदाता आज साँझसम्म मतदानस्थल र केन्द्र तोकिएका स्थानमा पुग्ने अपेक्षा गरिएको छ ।

निर्वाचनबाट सात महिला, तीन दलित, दुई अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक र सात अन्य समूहका उम्मेदवार निर्वाचित हुनेछन् । प्रबुद्ध वर्गको प्रतिनिधित्व रहने ५९ सदस्सीय राष्ट्रियसभाका एकतिहाइ सदस्य प्रत्येक दुई वर्षमा पदावधि समाप्त हुने सवैधानिक व्यवस्था छ ।

# बालश्रम प्रयोग घट्दो क्रममा

पोखरापत्र संवाददाता
पोखरा, ११ माघ

गलैंचा र गार्मेन्ट उद्योगमा हालै गरिएको एक अनुसन्धानले बालश्रमको अवस्था घट्दो क्रममा देखिएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको कार्यक्रम र केन्द्रिय तथ्याङ्क विभागको प्राविधिक सहयोगमा नेपाल कमर्स क्याम्पसका उपप्राध्यापक तथा अनुसन्धानकर्ता डिलाराम भण्डारीले गर्नुभएको अनुसन्धानले १८ वर्ष मुनीका बालबालिकाको प्रयोग गलैंचा उद्योगमा ६.६६ प्रतिशत र गार्मेन्ट उद्योगमा १.६३ प्रतिशतले घटाएको देखाएको हो । सन् १९९३ मा ५० प्रतिशत बालश्रम प्रयोग रहेको गलैंचा उद्योगमा २०२१ सम्म आइपुग्दा १८ वर्षमुनिका बालश्रमिकको सङ्ख्या घटेर ६.६६ प्रतिशत पुगेको अनुसन्धानदाता भण्डारीले जानकारी दिनुभयो । भण्डारीले २० जिल्लाका २९० गलैंचा र १८३ गार्मेन्ट उद्योगमा यो अनुसन्धान गरिएको जानकारी दिनुभयो । सामाजिक सचेतना, शिक्षाको व्यापकता आदिका कारण वर्षेनी बालश्रम घट्दो अवस्थामा पुगेको उहाँको ठम्याइ छ । उद्योगको उत्पादन क्षेत्रमा काम गर्ने आठ हजार ४८३ श्रमिकको लिङ्ग, उमेर, क्षेत्र, आम्दानी, शिक्षा, सामाजिक सुरक्षा आदि विषयमा अनुसन्धान गरिएको भण्डारीले जानकारी दिनुभयो । ती उद्योगमा ४.७५ प्रतिशत भारतीय, ०.०२ प्रतिशत अन्य र बाँकी नेपाली श्रमिक कार्यरत रहेको पाइएको छ । नेपाली श्रमिक मध्येमा तामाङ, मगर, गुरुङ र शेर्पा समुदायका श्रमिकको बाहुल्यता रहेको अनुसन्धानले देखाएको छ । अनुसन्धानबाट श्रमिकमध्येमा २० वर्षदेखि ४९ वर्षकाको सङ्ख्या ८० प्रतिशत र औसत कार्य ५२ घन्टा प्रतिहप्ता पाइएको बताउँदै उहाँले यो नेपालको श्रम कानुन भन्दा केही बढी देखिएको जानकारी दिनुभयो । नेपालको कानुनले प्रतिहप्ता औसत कार्य ४८ घण्टा तोकेको छ । गलैंचा उद्योगमा काम गर्ने पुरुषको मासिक आम्दानी रु. १५ हजार ९२३ र गार्मेन्ट उद्योगमा काम गर्नेको रु.१७ हजार ६३२ रहेको उहाँले जानकारी दिनुभयो ।

# समयमै स्थानीय तहको निर्वाचन हुनुपर्नेमा कांग्रेस नेताहरूको जोड

रासस
काठमाडौं, ११ माघ

नेपाली कांग्रेसका नेताहरूले स्थानीय तहको निर्वाचन समयमै हुनुपर्नेमा जोड दिनुभएको छ ।

पार्टीका नेता डा शेखर कोइरालाले आज आयोजना गर्नुभएको भर्चुअल बैठकमा सहभागी नेताहरूले स्थानीय तहको निर्वाचन आगामी वैशाखमै गर्नुपर्ने सुझाव दिनुभएको हो । नेताहरूले स्थानीय निर्वाचनका सम्बन्धमा सत्ता गठबन्धनमा निर्णय गर्नुअघि पार्टीमा आवश्यक छलफल गरी साझा धारणा बनाउनुपर्ने बताउँदै पार्टीमा एकता कायम गरेर कांग्रेस एक्लै निर्वाचनमा जानुपर्ने सुझाव समेत दिनुभएको थियो ।

बैठकमा नेता डा कोइराला, महामन्त्री गगनकुमार थापा, नेताहरू डा रामशरण महत, अर्जुननरसिंह केसी, डा मीनेन्द्र रिजाल, डा चन्द्र भण्डारीलगायतका सहभागी हुनुहुन्थ्यो । प्रधानमन्त्री एवं कांग्रेस सभापति शेरबहादुर देउवाको संयोजनमा सत्ता गठबन्धन दलका शीर्ष नेताहरूले समयमै स्थानीय तहको निर्वाचन गर्ने सन्दर्भमा विभिन्न चरणमा छलफल गर्नुका साथै आइतबार मात्रै कानूनविद्हरूसँग परामर्श गर्नुभएको थियो ।


**बाथरोग, प्यारालाइसिस भएका, ढाड दुखेका तथा ढाडमा नशा च्यापिएका विरामीहरुलाई खुशीको खबर**

**परीक्षण गरिने रोगहरु:**

**बाथ रोग:** घुढा दुख्ने, पुरा शरीर दुख्ने जोर्नीहरु दुख्ने, सुनिने, खिइने, बढि औषधी खाँदा समेत निको नभएका विरामी पुराना तथा नयाँ बाथका विरामीहरु, युरिक एसिड, भएका हात खुट्टाका जोर्नीहरु दुख्ने, पोल्ने झमझमाउने, कुरकुच्चा दुख्ने, बाथ तथा नशाका दुखाइका विरामीहरुले सम्पर्क राख्नुहोला ।

**प्यारालाइसिस:** शरीरको एकहर नचल्ने, बोल्न बस्न उठन खाना खान गाह्रो हुने, मुख बाङ्गो भएका विरामीहरु ।

**ढाड दुख्ने:** ढाडमा नशा च्यापिएको, एकातिरको खुटटा दुख्ने, पोल्ने, झमझमाउने, करकरखाने, ढाड बस्दा उठदा, काम गर्दा दुख्ने ।

**विरामी परिक्षण विहान ९ बजेबाट साझ ५ बजेसम्म**

*फोनबाट पनि नाम दर्ता गराउन सकिने छ ।*

**सम्पर्क:**

**स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.**

पोखरा ८ न्यूरोड, सभागृहचोक

फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०

*मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा ।*



**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता:** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग:** छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :

**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**

नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)

फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।



**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**

पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै

फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# निर्वाचन आयोगको ताकेता

निर्वाचन आयोगले स्थानीय तहको निर्वाचनको मिति घोषणा गर्न सरकारलाई ताकेता गरेको छ । निर्वाचन सम्पन्न गर्ने संबैधानिक दायित्व निर्वाचन आयोगलाई छ । सरकारले निर्वाचन आयोगको परामर्शमा निर्वाचनको मिति घोषणा गर्नुपर्ने संबैधानिक र कानुनी ब्यवस्था छ । निर्वाचन आयोगले प्रधानमन्त्री शेर बहादुर देउवालाई पटकपटक भेटेर निर्वाचनको मिति सुझाव गरेको छ । आयोगमा सर्वदलीय बैठक राखेर स्थानीय निर्वाचनका बारेमा संबैधानिक र कानुनी ब्यवस्था संझाएको थियो । आयोगले एकैपटक चुनाव गर्ने भए २०७९ बैशाख १४ गते र दुई चरणमा गर्ने भए २०७९ बैशाख १४ र २२ गतेको मिति सिफारिस गरेको छ । निर्वाचनको लागि तयारीका काम गर्न पनि मिति घोषणा हुनुपर्छ । सरकारले स्थानीय तहको निर्वाचन गर्न भन्दा सार्न खोजेको छ ।

निर्वाचनका लागि मिति घोषणा गर्न संविधानविद् , नागरिक समाज देखि सत्तारूढ काङ्ग्रेसको ठूलो पंक्ति पनि निर्वाचन समयमै हुनुपर्ने पक्षमा छ । काङ्ग्रेस सभापति एवं प्रधानमन्त्री शेर बहादुर देउवाले गठबन्धनका नेताहरू माओवादी अध्यक्ष पुष्प कमल दाहाल प्रचण्ड, एकीकृत समाजवादी अध्यक्ष माधवकुमार नेपाल, जसपा अध्यक्ष उपेन्द्र यादव र काङ्ग्रेस नेताद्वय रामचन्द्र पौडेल र कृष्णप्रसाद सिटौलाको उक्साहटमा चलेको आरोप लागेको छ। काङ्ग्रेस नेताहरू लोकतन्त्रको जितका लागि निर्वाचन समयमै हुनुपर्ने पक्षमा उभिएका छन।संविधान र स्थानीय तह निर्वाचन सम्बन्धी ऐनको प्रावधान परस्पर बाझिएको तर्क गरेर गठबन्धनमा रहेका दलहरू कानून संशोधन गर्ने तयारीमा छन् । जुन निर्वाचन नगर्ने मनशाय रहेको देखिन्छ ।

संविधान र निर्वाचन कानून नबाझिने गरी ऐन संशोधन गर्नुपर्ने भएकाले त्यसका लागि कानूनका विज्ञहरूसँग सुझाव मागिएको गठबन्धनका नेतहरुको जिकिर छ । तर निर्वाचन आयोग अहिले विद्यमान कानूनको आधारमा आगामी जेठ ५ गते अगावै स्थानीय तहको निर्वाचन गरिसक्नुपर्ने पक्षमा छ । निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले मंगलवार प्रेस विज्ञप्ति प्रकाशन गरेर स्थानीय तहको निर्वाचनबारे प्रधानमन्त्री शेरबहादुर देउवालाई २ पटक भेटेर मिति समेत प्रस्ताव गरेको जनाएका छन् ।

निर्वाचन आयोगले एकै चरणमा निर्वाचन गर्दा २०७९ वैशाख १४ गते र २ चरणमा निर्वाचन गर्नुपर्ने भएमा पहिलो चरणमा वैशाख १४ र दोस्रो चरणमा वैशाख २२ गते चुनाव गर्न प्रस्ताव गरेको छ । स्थानीय तहको निर्वाचन सम्पन्न गर्नका लागि आयोगलाई कम्तिमा १२० दिनको समय आवश्यक पर्ने भएकाले चाँडो निर्वाचनको मिति तोक्न आयोगले ताकेता गरेको हो । स्थानीय तहका सबै निर्वाचित पदाधिकारीको कार्यकाल आगामी २०७९ जेठ ५ गते समाप्त हुने कानूनी व्यवस्था छ । स्थानीय तह निर्वाचन ऐन २०७३ को दफा ४ को व्यवस्था बमोजिम स्थानीय तहको कार्यकाल समाप्त हुनुअगावै स्थानीय तहको निर्वाचन हुनुपर्ने निर्वाचन आयोगले बताउँदै आएको छ ।

सरकारले निर्वाचनको मिति तोक्ने तत्परता देखाएको छैन । सरकारले हालसम्म निर्वाचनको तयारीबारे खासै काम गरेको छैन । सत्ता सञ्चालनका लागि सहजीकरण गर्न बनाइएको राजनीतिक संयन्त्र र गठबन्धनका मुख्य नेताहरूले निर्वाचन सार्ने विषयमा गृहकार्य गरिरहेका छन् । प्रमुख प्रतिपक्ष दल नेकपा एमालेले भने संविधान र कानून अनुसार आगामी वैशाखमा कुनै पनि हालतमा निर्वाचन गर्नुपर्ने बताउँदै आएको छ । नेकपा एमालेमा निर्वाचनको हुटहुटी देखिन्छ । गठबन्धनमा रहेका दलहरू अहिले निर्वाचनमा जाँदा आफ्नो पक्षमा नतिजा नआउने आकलन गरेर निर्वाचनबाट भागिरहेका छन् । सत्ताको नेतृत्व गरिरहेको नेपाली कांग्रेसले निर्वाचनबारे हालसम्म आधिकारिक धारणा बनाउन सकेको छैन । गठबन्धनमा रहेकामध्ये निर्वाचनको सन्दर्भमा नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी पार्टी मुख्य रूपमा गठबन्धनमा हाबी भएका छन् । निर्वाचन नगराउने खेलमा लागेका नेताहरूले विगतमा उठाउने गरेको संविधानको रक्षाका लागि भन्ने तर्क सत्तामा पुग्ने भर्याङ मात्र भएको स्पष्ट भएको छ ।

# व्यासमा अत्यावश्यकबाहेक सेवा बन्द

**पोखरापत्र संवाददाता**
**तनहुँ, ११ माघ**

व्यास नगरपालिका कार्यालयलेमाघ११देखिमाघ१४ गतेसम्म अत्यावश्यकबाहेकका अन्य सेवा बन्द हुने जनाएको छ । नगरपालिकाका नगरप्रमुख बैकुण्ठ न्यौपाने, उपप्रमुख मीरा जोशीसहितका कर्मचारीमा कोरोना पोजेटिभ देखिएपछि अत्यावश्यकबाहेक अन्य सेवा बन्द गरेको हो ।

माघ १२ गते हुने राष्ट्रियसभा निर्वाचनको सिलसिलामा मतदाताको कोभिड-१९ को अनिवार्य पिसीआर परीक्षण गर्नुपर्ने परिपत्र भएको थियो ।

निर्वाचन आयोगको परिपत्रअनुसार स्वास्थ्य परीक्षण गर्दा नगरप्रमुख, उपप्रमुखसहितका कर्मचारीमा कोरोना पोजेटिभ देखिएको हो । नगरपालिकाले चार दिनका लागि अत्यावश्यकबाहेक अन्य सेवा बन्द गर्ने निर्णय गरेको व्यास नगरपालिकाका सूचना प्रविधि अधिकृत विशाल पण्डितले जानकारी दिनुभयो ।

# प्रशासनमा आलोपालो सेवा

**पोखरापत्र संवाददाता**
**तनहुँ, ११ माघ**

जिल्ला प्रशासन कार्यालयले मंगलबारदेखि आलोपालो गरी सेवा प्रवाह गर्न लागेको छ ।

कोभिडको सङ्क्रमण दिनदिनै बढ्दै गइरहेको र कार्यालयमा खोपकार्डको व्यवस्था अनिवार्य गर्दा पनि भीड कम नभएपछि आलोपालो गरी सेवा प्रवाह गर्न लागिएको हो ।

सोमबार बसेको कोभिड व्यवस्थापन समितिको बैठकले गरेको निर्णयबमोजिम कार्यालयबाट प्रदान गरिने सेवा आलोपाले गरी सेवाग्राहीलाई सेवा दिन व्यवस्था मिलाइएको सहायक प्रजिअ काशीराम गैरेले जानकारी दिनुभयो । उहाँका अनुसार आइतबार, मङ्गलबार, बिहीबार तीन दिन व्यास, भानु, बन्दीपुर, देवघाट आँबुखैरेनी गाउँपालिका क्षेत्रका सेवाग्राहीलाई सेवा प्रदान गरिनेछ ।

त्यसैगरी सोमबार, बुधबार र शुक्रबार शुक्लागण्डकी तथा भिमाद नगरपालिका र म्याग्दे, ऋषिङ तथा घिरिङ गाउँपालिकाको लागि पालो मिलाइएको बताइएको छ ।

# सिटिइभिटीअन्तर्गतका सबै परीक्षा स्थगित

**रासस**
**काठमाडौं, ११ माघ**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) ले मातहतका सबै परीक्षाहरू स्थगित गरेको छ ।

सिटिइभिटी परीक्षा नियन्त्रण कार्यालयले आज सूचना जारी गर्दै कोरोना भाइरस सङ्क्रमणका कारण सिटिइभिटीअन्तर्गतका सम्पूर्ण परीक्षा स्थगित गरेको जनाएको हो । सिटिइभिटी परीक्षा नियन्त्रण कार्यालयका उपनियन्त्रक डिलबहादुर घिमिरेले सिटिइभिटीको आज बसेको बैठकले परीक्षा सञ्चालनको पूर्वतयारी अवस्थामा रहेका सम्पूर्ण परीक्षाहरू अर्को सूचना जारी नभएसम्मका लागि स्थगित गर्ने निर्णय गरेको जानकारी दिनुभयो । उहाँले परीक्षा केन्द्रमा परीक्षासँग सम्बन्धित विद्यार्थी र कर्मचारीमा कोरोना भाइरस सङ्क्रमण हुनसक्ने भएकाले परीक्षा अर्को सूचना जारी नभएसम्मका लागि स्थगित गरिएको जानकारी दिनुभयो ।

सिटिइभिटीले यही माघ १५ गते बायोमेडिकलतर्फको प्रवेश परीक्षा र २२ गते प्रिडिप्लोमा तहको मौका परीक्षा लिने तयारी गरेको थियो । परिषद्ले यही माघ २७ गतेदेखि वार्षिक प्रणाली र सेमेस्टर प्रणालीका तर्फका इन्जिनियरिङ, स्वास्थ्य, कृषि लगायतका विभिन्न कार्यक्रमअन्तर्गतका नियमित तथा पूरक परीक्षा सञ्चालन गर्ने तयारी गरेको थियो ।

परिस्थिति सहज हुनासाथ एक हप्ता अथवा १० दिनको समय दिएर नयाँ परीक्षा तालिका सार्वजनिक गर्ने सिटिइभिटीको तयारी रहेको उपनियन्त्रक घिमिरेले बताउनुभयो ।

# पर्यटकका पर्खाइमा आलडाँडा

**रासस**
**म्याग्दी, ११ माघ**

वरपर गुराँसको जंगल । डाँडाको सम्म फाँट । एकान्त वातावरण ।

पृष्ठभूमिमा लहरै देखिने हिमशृङखला । ग्रामीण बस्ती । बिहान सूर्योदय र साँझमा सुर्यास्तको मनमोहक दृष्यावलोकन गर्न सकिने। अन्नपूर्ण गाउँपालिका-८ मा रहेको आलडाँडा प्राकृतिक सौन्दर्यले भरिपूर्ण र मनोरम छ । समुन्द्रि सतहदेखि दुई हजार ६२० मिटर उचाइमा रहेको सो स्थान अ पर्यटकका पर्खाइमा छ ।

स्थानीय अगुवा भक्तबहादुर पुर्जाले आलडाँडाको सौन्दर्यका बारेमा प्रचारप्रसारको कमीले ओझेलमा परेको बताउनुभयो । "प्रचारप्रसारको कमीले पर्यटक आउन सकेका छैनन् सुनसान छ", उहाँले भन्नुभयो, "अन्नपूर्ण गाउँपालिकाको धेरै पर्यटकीय स्थल जाने बिच बाटोमा पर्ने आलडाँडाको प्रर्वद्धन आवश्यक छ।" सो स्थानमा 'हिमालयन भ्यू एण्ड गेष्टहाउस' समेत सञ्चालन गरेका व्यवसायी पुर्जाका अनुसार हाल बार्षिक दुई सय जनाका हाराहारीमा पाहुना आउने गरेका छन् । आलडाँडाको पृष्ठभूमिमा सिस्ने, गुर्जा, धौलागिरि, मानापाथी, निलगिरी, अन्नपूर्ण, माछापुच्छ्रे र मनास्लु हिमालको दृष्य अवलोकन गर्न सकिन्छ ।

हिमाल र पृष्ठभूमिमा देखिने सूर्योदय र सूर्यास्तको मनमोहन दृष्यले मोहित बनाएको हालै आलडाँडाको भ्रमणमा गर्नुभएका सुरेन गुरुङले बताउनुभयो । गुराँसको जङ्गलका साथै बिभिन्न प्रजातिका बनस्पति, जडीबुटी, वन्यजन्तु र पन्छीहरूको पनि अवलोकनगर्नपाइनेउहाँलेजानकारी दिनुभयो । करबाकेली इको र अन्नपूर्ण धौलागिरि सामुदायिक पर्यावरणीय पदमार्गमा पर्ने आलडाँडा करबाकेही, राम्चे, नागी, मोहरेडाडा, कालीदह, फुलबारी, पुनहिल, घोडेपानी, प्यारीबाराही र टिकोटको मध्य भागमा पर्छ। एकदेखि अर्को ठाउँमा जाने पर्यटकका लागि आलडाँडा केन्द्र मानिन्छ । म्याग्दी, पर्वत र बागलुङका पहाडका साथै बस्तीको अवलोकन गर्न सकिन्छ । राम्चे देखि तीस मिनेट, करबाकेही, फूलबारी र मोहरेडाँडादेखि एक घण्टा, पुनहिलदेखि दुई घण्टा पैदल हिँडेपछि आलडाँडा पुग्न सकिन्छ । राम्चे हुदै आलडाँडा जोड्ने सडक पनि छ । बस्तीदेखि टाढा रहेको आलडाडामा पुग्ने पर्यटकको सुबिधाका लागि राम्चेका भक्तबहादुर पुर्जाले होटल सञ्चालन गर्नुभएको छ ।

होटलको छानोमा राखिएको जस्तापाताबाहेक अन्य सबै संरचना काठका हुन् । दुई तले भवनमा बीस जना बास बस्न सक्ने दश कोठा छन् । रु पैतिस लाखको लागतमा उहाँले स्थापना गरेको होटलका कोठाबाटै हिमाल, सूर्योदय, सूर्यास्त र जङ्गलको दृश्यावलोकन गर्न सकिन्छ । प्रत्येक रात बास बस्न एक जनालाई करिब रु. एक हजार बजेट आवश्यक पर्ने जनाइएको छ ।

बाँझिएर खेर गएको पाखोबारीमा होटल बनाउन रु. ३७ लाख लगानी गरेका पुर्जा कोभिड पछि पर्यटक आउने आशामा हुनुहुन्छ । दश बर्ष साउदीमा रोजगारी गरेर फर्केका पुर्जाले यसअघि राम्चेमा होमस्टे (घरबास) सञ्चालन गर्नुभएको थियो । स्थानीय जातका कुखुरा, खरायोको मासु, कोदो, फारको रोटी, ढिडो, च्याउको तरकारी, आलुका परिकार होटलका पाहुनाले चाख्न पाउँछन्। परिवारका सदस्यहरूद्वारा सो होटल सञ्चालित छ ।

# स्थानीय तहको निर्वाचनको मिति तोक्न निर्वाचन आयोगको आग्रह

**रासस**
**काठमाडौं, ११ माघ**

निर्वाचन आयोगले आगामी स्थानीय तहको निर्वाचनको मिति यथाशीघ्र तोक्न नेपाल सरकारलाई आग्रह गरेको छ ।

वर्तमान संवैधानिक एवं कानूनी व्यवस्थाका आधारमा स्थानीय तहको निर्वाचनको मिति तोक्ने काम विलम्ब हुँदै गए निर्वाचन व्यवस्थापनको कार्य व्यावहारिक एवं प्राविधिक कारणले जटिल बन्दै जाने बताउँदै आफ्नो परामर्शमा यथाशीघ्र निर्वाचनको मिति तोक्न आयोगले आग्रह गरेको हो ।

स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ४ को उपदफा (१) बमोजिम मिति तोक्न सरकारसँग आयोगले आग्रह गरेको आयोगद्वारा आज जारी प्रेस विज्ञप्तिमा जनाइएको छ । राजनीतिक दलले नै स्थानीय तहको निर्वाचन समयमा नै गर्नुपर्नेतर्फ जोड दिँदै आयोग पूर्ण तयारी अवस्थामा रहनुपर्ने र सरकारसँग समयमा नै निर्वाचन गर्न सम्पर्कमा रही मिति तोक्न सिफारिस गर्नेलगायतका विविध सुझाव प्राप्त भएको विषय स्मरण गराएको छ । आयोगका पदाधिकारी र १६ राजनीतिक दलका प्रतिनिधिबीच गत पुस ३० गते स्थानीय तहको आगामी निर्वाचनका सन्दर्भमा गरिएका पूर्व तयारीका कार्य र स्थानीय तहको निर्वाचनको मिति तय गर्न नेपाल सरकारसमक्ष परामर्श दिने सम्बन्धमा बैठकमा उक्त सुझाव दिइएको थियो ।

स्थानीय तहको निर्वाचन व्यवस्थापनका लागि कानूनतः आयोगलाई सामान्यतया १२० दिन निर्वाचन अवधि आवश्यक पर्ने भएकाले निर्वाचनलाई लक्षित गरी मतदाता नामावली सङ्कलन, मतदानस्थलको पुनरावलोकन र निर्धारण तथा निर्वाचन सम्पन्न गर्न आवश्यक अन्य पूर्व तयारीका कार्य निरन्तर गरिरहेको जानकारी दिएको छ । आयोगले प्रस्ताव गरेअनुसार निर्वाचनको मिति तोकिएमा २०७९ साल वैशाख मसान्तभित्रै स्थानीय तहको निर्वाचन सम्पन्न गर्न आयोग तयारी अवस्थामा रहेको विज्ञप्तिमा उल्लेख छ ।

स्थानीय तहको निर्वाचन २०७४ साल वैशाख ३१ गते पहिलो चरण, असार १४ गते दोस्रो चरण र असोज २ गते तेस्रो चरणमा सम्पन्न भएकामा पहिलो चरणलाई आधार मानी स्थानीय तह निर्वाचन ऐन, २०७३ को व्यवस्थाबमोजिम स्थानीय तहका सबै निर्वाचित पदाधिकारीको कार्यकाल आगामी २०७९ साल जेठ ५ मा समाप्त हुने आयोगले स्पष्ट गरेको छ । स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ४ को व्यवस्थाबमोजिम स्थानीय तहको कार्यकाल समाप्त हुनु अगावै स्थानीय तहको निर्वाचन गर्न आयोग पदाधिकारीले प्रधानमन्त्री शेरबहादुर देउवालाई पहिलोपटक गत कात्तिक ८ गते भेटी स्थानीय तहको आगामी निर्वाचनका सम्बन्धमा भएका संवैधानिक तथा कानूनी व्यवस्थाबारेमा जानकारी गराउनुभएको थियो ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : मन चञ्चल |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : सत्कार मिल्नेछ |
| ककर्ट | : ब्यापारमा लाभ | मकर | : आर्थिक समस्या |
| सिंह | : मानसिक तनाब | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : शत्रुको भय | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १२ चापापानी टोलमा रहेको पहिरो रोकथाम कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

योजनाको नामः चापापानी टोलमा रहेको सामुदायिक भवन छेउको पहिरो रोकथाम
स्थानः पोखरा-१२, चापापानी
योजना सम्झौता मिति : २०७८/०८/०९ गते
योजना शुरु हुने मितिः २०७८/०८/१५ गते
योजना सम्पन्न हुने मिति : २०७८/१०/३० गते
योजनाको कुल लागत : रु. ५,२०,०००।–
महानगरपालिकाबाट प्राप्त रकम : रु.४,००,०००।–
जन श्रमदानवाट : रु.१,२०,०००।–
उपभोक्ता समिति अध्यक्षः कल्पना कार्की
उपाध्यक्षः गंगादेवी कार्की कोषाध्यक्षः सुमित्रा कार्की
सचिवः भोजराज सुवेदी

**चापापानी ट्रस्ट निर्माण समिति**
पोखरा-१२, चापापानी, कास्की

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# वरिष्ठ नेता पौडेलद्वारा बुद्धसिं मार्गको अनुगमन

**पोखरापत्र संवाददाता**
**दमौली, ११ माघ**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले बुद्धसिं मार्गको मंगलबार अनुगमन गर्नुभएको छ। व्यास नगरपालिका-१ बेलवास हुँदै चितवनको घुमाउनेसम्म जोडिने उक्त मार्गको वरिष्ठ नेता पौडेलले अनुगमन गर्नुभएको हो।

गण्डकी प्रदेशका भौतिक पूर्वाधारमन्त्री कुमार खड्कासहितको उपस्थितिमा उक्त मार्गको अनुगमन गर्दै वरिष्ठ नेता पौडेलले बुद्धसिं मार्ग कालोपत्र गर्ने योजनालाई गति दिन आग्रह गर्नुभयो । तनहुँको गौरवको योजनाका रूपमा रहेको यो मार्गमा भएका ढिलासुस्तीबारे गम्भीर भएर सोच्न आग्रह गर्दै उहाँले कामलाई गति दिन अनुरोध गर्नुभयो।

सङ्घीय सरकारबाट प्रदेश सरकार मातहत आएको बुद्धसिंह मार्ग विगत केही समयदेखि अलपत्र अवस्थामा छ । बजेट अभावका कारण उक्त मार्गको स्तरोन्नतिमा समस्या भएको छ । प्रदेश सरकारमा हस्तान्तरण भएको उक्त सडकका केही ठाउँमा नाला बनाउनेबाहेक अन्य काम हुन सकेको छैन । सडक स्तरोन्नतिका लागि यस वर्ष रु छ करोड बजेट विनियोजन भएको छ। उक्त सडक तनहुँ सदरमुकाम दमौलीबाट मुग्लिङ-नारायणगढ सडकखण्डको घुमाउनेसम्म ३२ किमी दूरीमा पर्छ । जबकि अहिले यात्रा गरिँदै आएको पृथ्वीराजमार्गको दमौली-मुग्लिङ सडक र मुग्लिङदेखि घुमाउनेसम्मको दूरी ५६ किमी छ । तनहुँ र चितवन जोड्ने उक्त मार्गको घुमाउनेमा गत वर्षदेखि पक्की पुल निर्माण सुरु भएको छ । विसं २०७५ माघमा सम्झौता भएको पुल निर्माणको काम ढिला गरी सुरु भएको हो । एक सय पाँच मिटर लम्बाइ र फुटपाथसहित ११ मिटर चौडाइ रहने उक्त पुल आधुनिक 'आर्क' डिजाइनमा बन्नेछ । पुलको लागत रु आठ करोड २६ लाख रहेको छ। उक्त पुलको पनि वरिष्ठ नेता पौडेलले अनुगमन गर्नुभएको छ। पोखरा-नारायणगढ सडकको विकल्पमा तयार गरिएको बुद्धसिंह मार्गको थप स्तरोन्नति र घुमाउनेमा पुल निर्माण सम्पन्न भएपछि यस क्षेत्रका नागरिकलाई चितवन र तराईका विभिन्न जिल्लामा जान समय बचत हुन्छ । दमौलीबाट घुमाउनेघाटसम्म नियमितरूपमा साना बस तथा दुईपाङ्ग्रे सवारी साधन आउने जानेगरे पनि दुईपाङ्ग्रे सवारी साधन भने झोलुङ्गेपुल तरेर मुग्लिङ-नारायणगढ सडकमा निस्कन्छन् भने बस तथा अन्य सवारी साधन भने पुलको अभावमा उतै रोकिन बाध्य छन् ।

# ओमिक्रोनको बढ्दो प्रभाव: सुस्तायो बागलुङको पर्यटन

**–खेमराज गौतम**
**बागलुङ, ११ माघ**

यसो त कोरोनाका कारण दुई वर्षदेखि पुरानो लयमा पर्यटन व्यवसाय फर्कन सकेको छैन । कोरोनाले थलिएको पर्यटन विगत तीन महिनादेखि जुरमुराउन थालेको थियो। कोरोनाको पहिलो र दोस्रो लहरले ठप्प बनेको पर्यटन तेस्रो लहरका कारण पुनः प्रभावित बनेको छ।

दोस्रो लहरको सङ्क्रमण घटेपछि प्रत्येक शनिबार एक हजार आन्तरिक पर्यटक आउने पञ्चकोट पुनः सुनसान देखिन थालेको छ। शनिबार र मङ्गलबार धार्मिक पर्यटकहरूको घुइँचो लाग्ने बागलुङ भगवती मन्दिर परिसमा शनिबार दर्शनार्थीको कम सहभागिता रहेको थियो । कुस्मा बलेवा बन्जी पुलमा अहिले बन्जी गर्न आउने पर्यटकहरू खस्किँदै गएका छन् । यस्तै धार्मिक पर्यटकीय क्षेत्रका रूपमा मुक्तिनाथ पुग्ने दर्शनार्थी र भारतीय पर्यटकको प्रमुख आकर्षणका रूपमा रहेको बागलुङ नगरपालिका-४ कुडुँलेस्थित शालग्राम सङ्ग्रहालयमा समेत ओमिक्रोनको प्रभाव परेको देखिन्छ।

विश्वकै लामो दाबी गरिएको बागलुङ नगरपालिका-१ रामरेखादेखि पर्वत जिल्लाको पाङ जोड्ने ५६७ मिटर लामो झोलुङ्गे पुलमा अवलोकनका लागि आउने पर्यटकहरू ह्वातै घटेका छन् भने बलेवा कुस्मा बन्जी जम्पका लागि पर्यटकहरू नगन्य मात्रमा आउने गरेको देखिएको छ । शनिबार र अन्य बिदाको दिन झन्डै एक हजार पर्यटक आउने पञ्चकोट, दैनिक पाँच सयको हाराहारी पर्यटक आउने शालीग्राम सङ्ग्रहालय, शनिबार र मङ्गलबार दुई हजारभन्दा बढी दर्शनार्थी आउने कालिका मन्दिरमा ओमिक्रोनको प्रभाव देखिएको छ । कारोनाको तेस्रो लहरका कारण पञ्चकोट र शालीग्राम सङ्ग्रहालय आउने पर्यटकमा कमी आएको पञ्चकोट विकास समितिका अध्यक्ष ऋषि प्रपन्नाचार्यले जानकारी दिनुभयो । "दोस्रो लहरमा घरमै सीमित भएका पर्यटक अवलोकन भ्रमणका लागि अत्यधिकरूपमा आउनुभयो, शनिबार त एक हजार हाराहारीमा यहाँ पर्यटक आउँथे, पञ्चकोटमा सवारीको चाप उस्तै थियो, एक हप्ता भयो पञ्चकोट र शालीग्राम सङ्ग्रहालय सुस्ताउँदै गएको छ," उहाँले भन्नुभयो, "जिल्ला प्रशासन कार्यालयले मङ्गलबारदेखि लागू हुनेगरी धार्मिक तथा पर्यटकीय क्षेत्रमा भिडभाड नगर्न आग्रह गरेको छ, अब पञ्चकोटमा पर्यटक ठप्प हुने अवस्था छ।" कोरोनका कारण जिल्लाको पर्यटकीय गतिविधि ठप्प हुने अवस्थामा पुगेको बागलुङ पर्यटन विकास समितिका अध्यक्ष राजु खड्काले जानकारी दिनुभयो । उहाँले कोरोना बढ्नासाथ प्रत्यक्ष मार पर्यटकीय क्षेत्र र होटेलमा पर्ने बताउँदै बन्दको विकल्प खोज्नुपर्ने बताउनुभयो।

"खोपको प्रबन्ध गर्ने, स्वास्थ्य सुरक्षा मापदण्ड अपनाउनेलगायतका काममा सरकारको ध्यान जान आवश्यक छ", उहाँले भन्नुभयो, "बन्दको विकल्प बन्द होइन, स्वास्थ्य सुरक्षा मापदण्ड अपनाएर पर्यटकीय गतिविधि गर्न आवश्यक छ, नत्र कोरोना यसै गरी फर्केर आउने हो भने पर्यटन व्यवसाय उठ्नै नसक्ने गरी थला पर्नेछ ।" जिल्लाको चर्चित पर्यटकीय गन्तव्य ढोरपाटन, भकुण्डे, निसीखोला, गाईघाट झरना, सहस्रधारा झरना, घुम्टे लगायतका स्थानमा केही वर्षयता आन्तरिक पर्यटक बढ्दै गएका थिए। तर कोरोना महामारीका कारण नयाँ पहिचान गरिएका पर्यटकीय गन्तव्यहरूको प्रचारप्रसारमा समेत कोरोनाले समस्या निम्त्याएको पर्यटन व्यवसायहीहरू बताउँछन् ।

कोरोनाले थला पर्ने अवस्थामा पुगेका बागलुङका होटेलहरू ठूला राजनैतिक दलको अधिवेशन, सभा समारोह, शैक्षिक भ्रमण तथा मेला महोत्सवले भरिभराउ भए पनि ओमिक्रोनका कारण पर्यटकहरू होटेल आउन छोडेको व्यवसायीहरूले बताएका छन् । जिल्लाको पछिल्लो तथ्याङ्कअनुसार कोरोना भाइरसका सक्रिय सङ्क्रमितको सङ्ख्या ४१२ पुगेको स्वास्थ्य कार्यालयले जनाएको छ । कोरोना सङ्क्रमण बढेको भन्दै जिल्ला प्रशासन कार्यालय बागलुङले माघ मसान्तसम्म शैक्षिक, धार्मिक तथा पर्यटकीय क्षेत्र बन्द गर्न निर्देशन गरेको छ।

धार्मिक क्षेत्रमा भीडभाड नगरी नित्यकर्म मात्रै गर्नुपर्ने जिल्ला प्रशासन कार्यालयको निर्देशन छ । माघ मसान्तसम्म आमसभा, जुलुस तथा भीडभाड हुने कुनै गतिविधि नगर्न आदेश जारी गरेको प्रमुख जिल्ला अधिकारी रमेश ढकालले जानकारी दिनुभयो। जिल्लामा धार्मिक तथा पर्यटकीय गतिविधिसँगै सिनेमा हल, पार्क, फुटसल, खेलकुदस्थल, जिमखाना, हाटबजारसमेत सञ्चालन नगर्न निर्देश गरेको छ। विद्यालय, विश्वविद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम र अन्य शैक्षिक गतिविधिसमेत नगर्न र प्रशासनको निर्देशन नमानेमा कारबाही गर्ने चेतावनी दिएको छ।

# म्याग्दीका ४६ स्वास्थ्यकर्मीमा कोरोना संक्रमण

**पोखरापत्र संवाददाता**
**बेनी, ११ माघ**

म्याग्दीमा चिकित्सकसहित ४६ स्वास्थ्यकर्मीमा कोरोना सङ्क्रमण पुष्टि भएको छ । बेनी अस्पताल र अन्य स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी कोरोनाबाट सङ्क्रमित भएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ।

बेनी अस्पतालका ४१ स्वास्थ्यकर्मी र चिकित्सकमा कोरोना सङ्क्रमण भएको छ । चार जना आज आइसोलेसन मुक्त भएका छन् । अस्पतालमा कार्यरत सात चिकित्सकमध्ये चारजनामा कोरोना सङ्क्रमण भएको छ । बेनी अस्पतालमा अहिले ३७ जना सक्रिय कोरोना सङ्क्रमित रहेको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष बेलबहादुर कटुवालले जानकारी दिनुभयो। स्वास्थ्यकर्मी र चिकित्सकमा कोरोना सङ्क्रमण भएपछि बेनी अस्पतालमा ओपिडी सेवा बन्द गरिएको छ। सेवा लिन आउने सर्वसाधारणमा अस्पतालबाटै कोरोना सङ्क्रमण फैलनसक्ने भएपछि गत आइतबारदेखि एक साताका लागि ओपिडी सेवा बन्द गरी आकस्मिक सेवाबाट मात्रै उपचार सेवा दिइएको कटुवालले जानकारी दिनुभयो।

अस्पतालको ओपिडी सेवा बन्द भएपछि आकस्मिक कक्षको सेवासँगै फिवर क्लिनिकसमेत सञ्चालन गरेर उपचार जाँच र उपचार गर्ने प्रबन्ध मिलाइएको छ। आगामी शुक्रबारसम्मको अवस्थालाई दृष्टिगत गरी ओपिडी सेवाको निर्णयमा पुग्ने अस्पतालले जनाएको छ।

बेनी अस्पतालमा म्याग्दीको साथै पर्वतको जलजला गाउँपालिकाबाट समेत सर्वसाधारण उपचारका लागि आउने गरेका छन् । बेनी अस्पतालमा अहिले १२५ जना कार्यरत रहेका छन् । आजसम्म जिल्लामा सक्रिय कोरोना सङ्क्रमितको सङ्ख्या २३५ पुगेको छ।

# ४० वर्ष पढाएर मौरीपालनतिर

**– रामबहादुर थापा**
**बागलुङ, ११ माघ**

केटाकेटीलाई कक्षाकोठामा ज्ञानगुनका कुरा सिकाउने चुर्णबहादुर रानाको दिनचर्या हिजोआज मौरी स्याहर्दैमा बित्छ । ४० वर्षको शिक्षण पेशापछि उहाँको सेवानिवृत्त जीवन मौरीपालनमा बितिरहेको छ।

चाहेको भए रानाले जागिरपछिको जीवन फुर्सद र आराममा पनि बिताउन सक्नुहुन्थ्यो । नपुग्दो केही थिएन । गाउँमा पूर्वशिक्षकको मानमनितो छँदै थियो । तर ६१ वर्षीय उहाँले त्यो बाटो रोज्नुभएन । बिनाइलम समय खेर फाल्न रानाको मनले मानेन । जैमिनी नगरपालिका-७ जैदी, बोरका रानाले घरमा पहिले रहेका एक-दुई घार मौरीलाई व्यावसायिक रूप दिने योजना बनाउनुभयो । विसं २०६२ तिर उहाँले रु तीन हजार ५०० तिरेर छिस्तीबाट एक घार मौरी ल्याउनुभएको थियो । विसं २०७४ पछि मात्र रानाले मौरीपालन विस्तार गर्नुभयो । अहिले उहाँकामा ४५ घार मौरी छन् । आउँदो वर्षभित्र सय घार पुऱ्याउने रानाको लक्ष्य छ।

"विसं २०७० बाट घार थप्दै आएँ, व्यावसायिकरूपमा गर्न थालेको यस्तै तीन-चार वर्षजति भयो", रानाले भन्नुभयो । उहाँले 'फार्म'को व्यावसायिक नाम 'कृषि तथा दीप मौरीपालन' दिनुभएको छ। रानाले गएको याममा ५२ किलो मह बेचेको सुनाउनुभयो। कात्तिक-मङ्सिर र वैशाख-जेठ गरी दुई याममा मह काढ्नुहुन्छ। प्रतिकिलो रु एक हजार २०० मा घरबाटै मह बिक्री हुने गरेको रानाको भनाइ छ। "मह गाउँमै खोसाखोस हुन्छ, उत्पादन गर्न सके बिक्रीको कुनै समस्या छैन", रानाले भन्नुभयो। गाउँघरको महमा मिसावट नहुने र स्वास्थ्यवर्द्धक मानिने हुँदा ग्राहकको रोजाइमा पर्छ। रानाले मह बेचेर वर्षमा डेढ लाख जति आम्दानी हुने गरेको बताउनुभयो । सय घार पुऱ्याउँदा कमाइ दोब्बरले बढ्ने उहाँको भनाइ छ । गत वर्ष कृषि ज्ञान केन्द्रबाट रानाको 'फार्म'ले रु एक लाख ४६ हजार अनुदानसमेत पाएको थियो। सो अनुदानबाट व्यवसाय बढाएको रानाले बताउनुभयो । "अनुदान र प्राविधिक सहयोग पाएमा मौरीपालन व्यवसाय बढाउँदै लाने सोचमा छु", उहाँले भन्नुभयो, "कम लगानीले पुग्ने, समय पनि धेरै दिनु नपर्ने हुँदा मौरीपालन सहज छ, व्यावसायिक हुन सके आम्दानी पनि राम्रो छ।" विसं २०७७ असारमा शिक्षण पेशाबाट अनिवार्य अवकाश लिएपछि आफूले पूरै समय मौरीपालनमा दिन पाएको रानाले बताउनुभयो । सुरुआतमा उहाँका कान्छा छोरा दीपेनले मौरीपालनमा रानालाई बढी सघाउनुहुन्थ्यो। पछि छोरा दीपेन पनि भारतीय सेनामा भर्ती भएपछि व्यवसायको मुख्य भार रानामाथि नै छ । श्रीमती मायाको उहाँलाई दरिलो साथ छ । अरु छोराछोरी पनि रोजगारी र पढाइमा घर बाहिर छन्। कुराकानीका क्रममा रानाले आफू पाँच वर्षको छँदा भएको अप्रिय घटना पनि सम्झन पुग्नुभयो। उहाँको अहिले बायाँ हात छैन । शारीरिक अपाङ्गतासँग पनि राना जुँधिरहनुभएको छ।

घरमै खेल्ने क्रममा जाँतोमा थिचिएर हात गुमाउनुपरेको रानाले सुनाउनुभयो। शारीरिक जटिलताबीच पनि शिक्षण पेशामार्फत उहाँले चार दशक समाजको सेवा गर्नुभयो । पेशाबाट निस्कँदा पनि उहाँले आफ्नो आँट र साहसलाई कायमै राख्नुभयो। विसं २०३७ देखि २०७७ सम्म गाउँकै भगवती प्राविमा उहाँले अध्यापन गर्नुभयो । स्थानीय स्रोतको शिक्षक हुँदै २०४१ मा अस्थायी र २०४८ मा स्थायी भएर गत वर्ष उमेरहदका कारण रानाले अनिवार्य अवकाश पाउनुभएको हो । "अपाङ्गता भए पनि मौरीको रेखदेख, स्याहारसुसार म आफैं गर्छु, ठूलो काम पर्दा मात्र ज्यालादारीमा कामदार लगाउने गरेको छु", रानाले भन्नुभयो, "शिक्षणपछि मेरो रुचिको पेशा मौरीपालन भएको छ, यसमै रमाइरहेको छु।" मौरीपालनको पकेट जैदीमा दर्जनौं किसान त्यस पेशामा छन् । बोर नजिकै धुल्लुगाउँका मोहराज उपाध्यायको मौरीपालन उद्योग जिल्लाकै 'व्यावसायिक नमूना फार्म'ले चिनिन्छ। उद्योगमा २०० घार मौरी छन् । उपाध्यायले मह बेचेर वार्षिक रु १० लाख बढी कमाउनुहुन्छ । कृषि ज्ञान केन्द्रका अनुसार जैदीसहित छिस्ती, धुल्लुबास्कोट, कुश्मीसेरा, भकुण्डे, पाला, रेश, मालिका, दगातुम्डाँडा, मल्म, दुदिलाभाटी, हटियालगायत मौरीपालनका लागि पकेट क्षेत्रमा पर्छन् । कम लागत र व्यवस्थापनमा राम्रो आम्दानी हुने भएपछि किसान मौरीपालन व्यवसायतिर आकर्षित छन् । जिल्लामा सेरेना प्रजातिको मौरीपालन हुने गरेको छ।

# समयमै नतिजा प्रकाशन गर्न मन्त्रीको निर्देशन

**रासस**
**काठमाडौं, ११ माघ**

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले विद्यार्थीको नतिजा समयमा नै निकाल्न त्रिभुवन विश्वविद्यालयलाई निर्देशन दिनुभएको छ।

बुधबार अनुगमन गर्न परीक्षा नियन्त्रण कार्यालय बल्खु पुग्नुभएका मन्त्री पौडेलले यो अथवा त्यो बहाना नगरी समयमै विद्यार्थीको नतिजा निकाल्न निर्देशन दिनुभयो । "कतिपय खुलेका आयोगमा परीक्षा दिन पाएनौं भन्ने विद्यार्थीको गुनासो छ, नतिजा प्रकाशन नहुँदा विद्यार्थी त्यो अवसरबाट वञ्चित हुने अवस्था आयो 'फास्ट ट्र्याक'बाट नतिजा निकाल्नुस्", उहाँले भन्नुभयो।

परीक्षा नियन्त्रक पुष्पराज जोशीले जनशक्ति अभावका कारण समयमा नतिजा निकाल्न नसकेको मन्त्रीलाई जानकारी गराउनुभयो। "जनशक्ति अभाव भए सेवा आयोगलाई भनेर अस्थायी कर्मचारी ल्याएर भए पनि समयमा सेवाग्राहीको काम हुनपऱ्यो", मन्त्रीले भन्नुभयो। मानविकी सङ्कायमा विद्यार्थीको धेरै गुनासो रहेको भन्दै मन्त्रीले गुनासो नआउने गरी काम गर्नेतर्फ ध्यान दिन कर्मचारीलाई आग्रह गर्नुभयो।

सोही क्रममा परीक्षा नियन्त्रक जोशीले पर्याप्त जनशक्ति भए परीक्षापछिको तीन महिनाभित्र नतिजा निकाल्ने बताउनुभयो।

उहाँले पुराना कर्मचारी अवकास हुँदा नयाँ कर्मचारीलाई 'सिस्टम' सिक्न एक वर्ष लाग्ने बताउनुभयो । उहाँले परीक्षा नियन्त्रक कार्यालयमा २२४ जना कर्मचारी हुनुपर्नेमा १३७ जनाले काम गरिरहेकाले समयमै नतिजा दिन नसकेको स्वीकार गर्नुभयो।


## सूर्य ब्लेण्डर्स प्रा. लि.
## आँबु खैरेनी, तनहुँ
## मूल्य सूची सम्बन्धी सूचना

**यस उद्योगबाट उत्पादित उल्लेखित ब्राण्डका मदिरा नेपाल अधिराज्य भित्र बिक्री वितरण गर्न आ. व. २०७८/०७९ का लागि मिति २०७८/१०/१४ देखि लागू हुने गरी निम्न बमोजिम मूल्य संशोधन गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्रकाशित मूल्यमा अन्त:शुल्क, मू.अ.कर समेत समावेश गरिएको छ।**

| | ब्राण्ड | मि.लि. | यू. पी. | नेशनल डिष्ट्रिब्यूटर्स मूल्य प्रति कार्टून | नेशनल डिष्ट्रिब्यूटर्स कमिशन प्रति कार्टून | डिष्ट्रिब्यूटर्स मूल्य प्रति कार्टून | डिष्ट्रिब्यूटर्स कमिशन प्रति कार्टून | होलसेल मुल्य प्रति कार्टून | होलसेल कमिशन प्रति कार्टून | रिटेल मुल्य प्रति कार्टून | रिटेल कमिशन प्रति कार्टून | उपभोक्ता मुल्य प्रति कार्टून | उपभोक्ता मुल्य प्रति बोतल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | IMAGE carbon Black / Premium | ५०० | ५० | ६३४०।०० | १६०।०० | ६५००।०० | २६०।०० | ६७६०।०० | २३५।०० | ६९९५।०० | ५६५।०० | ७५६०।०० | ४२०।०० |
| २ | IMAGE carbon Black / Premium | १८० | ५० | ६३४०।०० | १६०।०० | ६५००।०० | २६०।०० | ६७६०।०० | २३५।०० | ६९९५।०० | ५८९।०० | ७५८४।०० | १५८।०० |
| ३ | Xcite | ३०० | ७० | १०६०।०० | ३०।०० | १०९०।०० | ५०।०० | ११४०।०० | ४०।०० | ११८०।०० | ११०।०० | १२९०।०० | ४३।०० |
| ४ | करुवा लिचि फ्लेवर,फटाफट, एरो(एप्पल फ्लेवर),फटाफट Green,करुवा NIMBU | ३०० | ७० | ८७५।०० | २५।०० | ९००।०० | ४०।०० | ९४०।०० | ३५।०० | ९७५।०० | ७५।०० | १०५०।०० | ३५।०० |

नोट उपरोक्त बिक्री मूल्यहरुमा व्यबसायको आवश्यकता अनूसार बिभिन्न व्यापारिक एवं अन्य छूटहरु र हाल अनूमान गर्न नसकिने खर्चहरुको शोधभर्ना दिन सकिनेछ।